बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
# डिभिजन वन कार्यालय रसुवा

पत्र संख्याः २०८२/०८३
चलानी नम्बरः

धुन्चे, रसुवा, नेपाल
मितिः २०८२/०९/२०


विषयः- टिमुर लगायतका जडिबुटी खेती विस्तारको लागि प्रस्तावना पेश गर्ने बारेको सार्वजनिक सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०९/२०)

शम्भु तामाङ
डिभिजनल वन अधिकृत

प्रस्तुत विषयमा यस कार्यालयको चालु आ.व.२०८२/०८३ को स्वीकृत वातावरण संरक्षण तथा शहरी वन कार्यक्रम (व.उ.शि.नं. ३२९००१००३४) तर्फको खर्च शिर्षक ३११५७, क्रि.नं.११.४.१७.४५२१, "टिमुर लगायतका जडीबुटी खेती विस्तार" कार्यक्रम प्याकेज १ को लागि रु. ५ लाख बजेट विनियोजन भई आएकोले उक्त कार्यक्रम गर्न ईच्छुक वन उपभोक्ता समूहहरु/निजी जग्गाधनी/सहकारी/फर्म/कम्पनीबाट यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र तपसिलमा उल्लिखित कागजातहरू संलग्न राखी व्यवसायिक योजना सहितको प्रस्तावना पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ। रित नपगेको तथा म्याद नाघी आएको निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सुचनाद्वारा जानकारीको लागि अनुरोध गरिन्छ।

## तपसिल

१ निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरु:

- टिमुर लगायतका जडिबुटी खेती विस्तार व्यवसायिक योजना,
- स्थानीय हावापानी अनुसारको गुणस्तरीय प्रजाति हुनु पर्ने,
- निजी जग्गामा वृक्षारोपण गर्ने भए सोको जग्गाधनि प्रमाण पुर्जा र तिरो तिरेको रसिद,
- व्यक्ति/सहकारी/फर्म/समूह/कम्पनीको दर्ताका कागजातहरु (व्यक्तिको हकमा नागरिकता र पान नम्बर),
- समूह, सहकारी, फर्म कम्पनी दर्ता/नविकरण र कर चुक्ताको प्रमाणपत्रको छाँयाकपी,
- सामुदायिक वनको हकमा साधारण सभाको निर्णय,
- सामुदायिक वनको हकमा लेखा परीक्षण प्रतिवेदन, वार्षिक प्रगति प्रतिवेदन,
- स्थानीय तहको सिफारिस पत्र,
- स्थायी लेखा नं. (PAN) दर्ताको प्रमाणपत्र र बैंक खाता संचालन भएको प्रमाण संलग्न राख्नु पर्ने,
- सव डिभिजन वन कार्यालयको कार्यान्वियन सम्भाव्यता खुल्ने स्थलगत प्रतिवेदन,
- वृक्षारोपण गरिएको क्षेत्रको रेखदेख/हेरचाह/संरक्षण हुने सुनिश्चितताको लागि स्वघोषणा सहित प्रतिवद्धता पत्र पेस गर्नु पर्ने,

२ प्रस्तावना पेश गर्दा प्रस्तावकको नाम, ठेगाना, सम्पर्क नम्बर स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ।

३ प्रस्तावना पेश गर्नुपर्ने अन्तिम मिति र समयः २०८२/१०/१९ गते कार्यालय समय भित्र। सो दिन विदा परे सो पछि कार्यालय खुल्ने दिन।

४ प्रस्तावना पेश गर्ने निकाय/स्थानः डिभिजन वन कार्यालय रसुवा, धुन्चे

थप जनकारीको लागि डिभिजन वन कार्यालय रसुवा, धुन्चे र अन्तर्गतका बेत्रावती सब डिभिजन वन कार्यालय, डाँडागाउँ र थाम्बुचेत सब डिभिजन वन कार्यालय, थाम्बुचेतमा सम्पर्क गर्नु हुन र कार्यालयको वेवसाइट हेर्नु हुन अनुरोध छ।
सम्पर्क नं.: ०१०-५४०१०७, मोबाइल नं. ९८५१४१००१५, ९८५१४१००१६ र ९८५१४१००१७
कार्यालयको वेवसाइट https://www.dforasuwa.gov.np